जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक


वर्ष ३३ अंक १४५ २०८० साल पुस २४ गते मंगलबार (9 Jan. 2024 Tuesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : राज्यबाट थप सहयोग प्राप्त.. ३ पृष्ठमा : पाँच ऐन खारेज, २८ संशोधन ३ पृष्ठमा : गाजा द्वन्द्व सन् २०२४ मा पनि...

# कंचनरुपका नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतमाथी गरे हातापात, कर्मचारी आन्दोलित



विषय : प्रेस विज्ञेप्ती

आज मिति २०८०।०९।२३ गतेका दिन यस कञ्चनरुप नगर कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम घिमिरेज्यूलाई नगर प्रमुख ललन प्रसाद गुप्ताले नगर उप-प्रमुखको कार्यकक्षमा बोलाई ढोका थुनी सहयोगीलाई गेटमा राखी अभद्र गाली गलौंज र हातपात समेत गरेकोले नगर प्रमुख जस्तो मानिसले अमानवीय, अभद्र र क्रुरतापूर्ण व्यवहार गरेको हुंदा हामी सम्पूर्ण कर्मचारीहरु उक्त कार्यको घोर भर्त्सना गर्दै खेद व्यक्त गर्दछौं ।

यस्ता अमानवीय घटनामा संलग्न नगर प्रमुख ललन प्रसाद गुप्तालाई कानून बमोजिम कार्वाहीको जोडदार माँग गर्दै न्याय नपाएसम्म कार्यालयको (अति आवश्यक) वाहेकका सम्पूर्ण कामकाज ठप्प गर्ने व्यहोरा सम्वन्धित सबैमा जानकारीको लागि अनुरोध छ । यसबाट सेवाग्राहीहरुमा पर्न जाने असुविधा प्रति हामी सम्पूर्ण कर्मचारीहरु क्षमा याचना गर्दछौं ।

कञ्चनरुप नगरपालिका
कर्मचारी परिवार

**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

सप्तरीको कंचनरुप नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतमाथी नगर प्रमुखले दुर्व्यहार तथा हातपात गरेको भन्दै सोमबार सो कार्यालयका कर्मचारीहरु आन्दोलित भएका छन ।

नगरप्रमुख ललन प्रसाद गुप्ताले प्रमुख प्रशासकिय अधिकृत पुरुषोत्तम घिमिरेलाई सोमबार आफ्नो कार्यकक्षमा बोलाएर गालीगलौज तथा हातपात समेत गरेको भन्दै कर्मचारीहरु आन्दोलित भएका हुन् ।



**प्रमुख प्रशासकिय अधिकृत पुरुषोत्तम घिमिरे**

कर्मचारी परिवारको तर्फबाट जारी विज्ञप्तीमा कार्यालय प्रमुख घिमिरेमाथी अमानवीय व्यवहार गर्ने नगरप्रमुख गुप्तालाई कानुन बमोजिमको कारवाही माँग गरिएको छ ।

२१ जना कर्मचारीद्वारा जारि विज्ञप्तीमा नगरप्रमुख गुप्तामाथी कारवाही नभएसम्म अत्यावश्यक बाहेका सबै कामकाज ठप्प पार्ने उल्लेख गरिएको छ ।

कर्मचारीहरुले ऐन नियम विपरीतका काम कारवाही तथा भुक्तानी लगायतका विषयमा प्रमुख प्रशासकिय अधिकृत घिमिरेले आपत्ती जनाउदा आवेशमा आएर नगरप्रमुख गुप्ताले त्यस्तो व्यवहार गरेको दावी गरेका छन् ।

यता नगरप्रमुख गुप्ताले भने आफुले प्रमुख प्रशासकिय अधिकृत घिमिरेसंग त्यस्तो कुनै अप्रिय व्यवहार नगरेको दावी गरेका छन् । उनले सेवाग्राहीहरुको समस्या र गुनासोबारे बुझ्न खोज्दा प्रमुख प्रशासकिय अधिकृत घिमिरे उल्टै आवेशमा आएको र सामान्य बहश मात्र भएको बताएका छन् ।

# बालबालिका केन्द्रित फुटवल क्लिनिक सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

बालबालिका केन्द्रीत सात दिनसम्म चल्ने फुटवल क्लिनिक सोमबारदेखी राजविराजमा सुरु भएको छ ।

पिछिडीएका समुदायका बालबालिकालाई प्रशिक्षण दिई राम्रा प्रतिभाको उत्पादन तथा उनीहरुको शारिरीक, मानसिक र बौद्धिक विकास समेत गर्ने उद्देश्यले राजविराजको राजरंगशालामा उक्त क्लिनिक संचालन गरिएको हो ।

कार्यक्रममा जिल्लाको *बाँकी अन्तिम पृष्ठमा*

# शिक्षकको व्यवस्था गर्न सुझाव

काठमाडौं, २३ पुस (रासस) ।

मदरसा, गुम्बा, विहार, मुन्धुम र विशेष शिक्षासँग सम्बन्धित संस्थाका प्रतिनिधिले आफूहरूका लागि शिक्षक दरबन्दी र मातृभाषा शिक्षकको व्यवस्था गर्न प्रतिनिधिसभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिसँग आग्रह गरेका छन् ।

समितिको सोमबार बसेको बैठकमा शिक्षा विधेयक, २०८० माथिको छलफलका क्रममा विशेष शिक्षा परिषद्का शिक्षक प्रतिनिधि अनिल अम्गाइले हाल विशेष कक्षा सञ्चालनमा संलग्न एक सय ७२ शिक्षक र एक सय आठ विद्यालय कर्मचारीलाई एकपटकका लागि आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्ने व्यवस्था गर्न माग गर्नुभयो ।

मुन्धुम शिक्षाका *बाँकी दुई पृष्ठमा*

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काल नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**हरहर महादेव जय श्रीराम ॐ नमः शिवाय**



ॐ



यहि मिति २०८० साल माघ १ गतेका दिन मकरसंक्रान्तिको अवसरमा साधुसंत महन्त भक्तजनहरूलाई राजविराज नगरपालिका वडा नम्बर ७ स्थित प्राचीन महादेव श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगणमा भण्डाराको आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लावासी, संतमहन्त साधुसंतलाई यस पावन अवसरमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरी दिनुहुन सादर आमन्त्रण गरिन्छ ।

**स्थान :**
श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगण
राजविराज नगरपालिका-७

**समय :**
२०८०/१०/०१ गते सोमबार ११:०० देखि ०४:०० बजेसम्म

## चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बचन

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम गरौं

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### विकासीय कार्यलाई तिब्रता देऊ

सप्तरीमा भइरहेको विभिन्न विकासीय कार्यलाई तिब्रता दिनु आवश्यक छ । लामो समयदेखी भइरहेको ती विकासका कार्यलाई ढिलो नगरिकन सम्पन्न गराउन सम्बन्धित निकायले ध्यान दिनुपर्छ। विकासको मामिलामा सप्तरी अझै पछाडी परेको जिल्ला हो । विगत केही वर्षदेखी जिल्लामा विभिन्न विकासीय कार्यहरु निकै सुस्त गति भइरहेको छ। यसमा सबैभन्दा अग्रपंक्तिमा रहेको छ सडकहरु । नगरपालिका स्थापना भएकालदेखी नै नबनेका सडकहरु अहिले निर्माण भइरहेको छ।

यस्तै प्रदेश तथा संघीय सरकारको बजेटबाट पनि सडकहरु निर्माण भएका छन् । विगतका वर्षहरुमा ती कार्यले प्राथमिकता नपाएपनि अहिले प्राथमिकताका साथ निर्माण हुनु सकारात्मक हो । जिल्लावासी यस कार्यले खुशी देखिन्छन् । हुन पनि हो विकासी कार्यमा कसैले वाधा उत्पन्न गर्नुहुँदैन् । यो कार्य भनेको व्यक्ति होइन् सबैको लागि हो । जे भएपनि जुनसुकै बहानामा विकासीय कार्यले प्राथमिकता पाउनु भनेको सकारात्मक नै मान्नु पर्दछ ।

विकास चाहे त्यो स्थानिय, प्रदेश वा संघीय बजेटबाटै किननहोस् जुनसुकै उद्देश्यले विकास भइरहेको छ भने त्यसलाई सकारात्मक रुपमा लिनुपर्छ । तसर्थ विकास भनेको सबैलाई चाहिन्छ। यस्ता कार्यलाई कुनै पनि बहानामा रोक्नु हुँदैन् सबैले सकारात्मक सोचका साथ लिनुपर्दछ र कसैले कुनै वाधा अवरोध उत्पन्न गर्नुहुँदैन् । यसर्थ कुनै पनि स्थानको जबसम्म विकास हुँदैन् तबसम्म त्यस ठाउँको औचित्य रहदैन् ।

# राज्यबाट थप सहयोग प्राप्त भएमा साना सञ्चारमाध्यमलाई निःशुल्क सेवा दिनेछौं : कार्यकारी अध्यक्ष झा

काठमाडौँ, २३ पुस (रासस) ।

राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राससलाई राज्यले थप सहयोग उपलब्ध गराएमा स्वरोजगारमूलक सञ्चारमाध्यमलाई निःशुल्क सेवा दिन तयार रहेको बताउनुभएको छ ।

राससले सोमबारदेखि प्रारम्भ गरेको अवधि भाषा समाचार सेवाको उद्घाटन कार्यक्रममा अध्यक्ष झाले अहिले पनि राससले न्यूनतम शुल्कमा समाचार सामग्री उपलब्ध गराइरहेको जनाउँदै राज्यबाट थप सहयोग प्राप्त भएमा निःशुल्क सेवा उपलब्ध गराउन सकिने बताउनुभयो ।

"संविधानले प्रत्याभूत गरेको सूचनाको हक निःशुल्करुपमा उपलब्ध हुनुपर्छ भन्नेमा हामी जानकार छौँ, तर सूचना प्रशोधनका लागि केही शुल्क लिने व्यवस्था कानुनमा पनि गरिएको छ, राससले पनि स्थानीय र साप्ताहिक पत्रपत्रिकाका लागि मासिक रु दुई हजार सात सयमा २५ प्रतिशत छुट दिँदै आएको छ, यदि उक्त रकम सरकारबाट प्राप्त भएमा हामी ती सञ्चारमाध्यमलाई निःशुल्क सेवा दिनेछौँ", अध्यक्ष झाले भन्नुभयो । उहाँले वर्तमान सरकारको नीतिगत प्रस्तावमा राससले पनि साझेदारी गर्न लागिरहेको उल्लेख गर्दै राष्ट्रिय भाषामा समाचार सेवा प्रारम्भ हुनु राससका लागि गौरवको विषय भएको बताउनुभयो ।

"राससले लोकतन्त्र, सङ्घीयता र समावेशीतालाई स्वीकार मात्रै नगरी कार्यान्वयनसमेत गरेको छ", अध्यक्ष झाले भन्नुभयो, "तीन तहका सरकारको अनुदान र सहकार्य बढाउँदै आगामी दिनमा अन्य राष्ट्रिय भाषामा पनि समाचार सम्प्रेषण गरिनेछ ।"

विभिन्न भाषाभाषीका पत्रपत्रिका समाचारमूलक सामग्रीको अभावमा बन्द हुने अवस्थामा पुगिरहेका जनाउँदै अध्यक्ष झाले रासससबाट सुरु भएको मातृभाषाको समाचार सेवाले त्यस्ता सञ्चारमाध्यमलाई पूरकको काम गर्ने बताउनुभयो । उहाँले अवधि भाषामा समाचार सेवाका लागि सहयोग गरेकामा नेपालगञ्ज उपमहानगरपालिकाप्रति धन्यवाद व्यक्त गर्नुभयो ।

अध्यक्ष झाले सङ्घीयता र समावेशीताको मर्मलाई आत्मसात् गर्दै राससको यस प्रयासलाई सार्थक तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएकामा नेपालगञ्ज उपमहानगरपालिका प्रमुख प्रशान्त विष्ट, उपप्रमुख कमरुद्दीन राई, प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्कालगायत कार्यपालिका सदस्यप्रति आभार प्रकट गर्नुभयो ।

सोमबारदेखि रासस नयाँ युगमा प्रवेश गरेको उल्लेख गर्दै अध्यक्ष झाले पछिल्लो डेढ वर्षको अवधिमा राससमा भिडियो, विचार र मातृभाषामा समाचार सम्प्रेषण सुरु भएको जानकारी दिनुभयो । "अहिलेको आवश्यकताअनुसार समाचार सामग्रीमा विविधीकरण गरिएको छ", उहाँले भन्नुभयो, "राज्यको सञ्चारमाध्यमका रुपमा राससले राज्यका सबै अङ्गसँग सहकार्य गर्न तयार छ ।"

जनताको करबाट सञ्चालित सञ्चारमाध्यमका रुपमा रासस रहेको उल्लेख गर्दै कार्यकारी अध्यक्ष झाले करदातालाई राससप्रति अपनत्व र आवश्यकता बोध गराउने जिम्मेवारी पूरा गर्नुपर्ने दायित्व रहेको बताउनुभयो । "यस सन्दर्भमा हामी गम्भीर र सचेत छौँ", उहाँले भन्नुभयो, "राससका समाचार सामग्रीको सबैले अपनत्व ग्रहण गर्ने सक्ने सेवामा विविधीकरण गरिएको हो ।"

राससले आफ्नो सेवालाई २४ घन्टै निरन्तरता दिनुपर्ने अहिलेको आवश्यकता भएको उल्लेख गर्दै अध्यक्ष झाले सेवाग्राहीको समयसीमा नभएका सन्दर्भमा राससले दिनरात नभनी अहोरात्र सेवा प्रवाह गर्नुपर्ने बताउनुभयो । "२१औँ शताब्दीको अन्तर्राष्ट्रियस्तरको समाचार समिति बन्छौँ", उहाँले भन्नुभयो, "अब त्यो बाटोमा जानैपर्छ, केही नयाँ सुरुआत गर्नैपर्छ, यथास्थितिमा धेरै बस्न सक्दैनौँ ।"

सोमबारको दिन राससको जीवनमा ऐतिहासिक भएको जनाउँदै कार्यकारी अध्यक्ष झाले ६२ वर्षको इतिहासमा नेपाली र अङ्ग्रेजी भाषामा मात्र समाचार दिँदै आएको यो संस्थाले अन्य भाषालाई पनि समान स्थान दिएको बताउनुभयो । "यसअघि नेपाली र अङ्ग्रेजी भाषालाई मात्र चिनेको अवस्था थियो, बाँकी भाषासँग राससको कुनै सम्बन्ध थिएन", उहाँले भन्नुभयो ।

# चिसोले एक साताका लागि विद्यालय बन्द

पर्सा, २३ पुस (रासस) ।

विगत केही दिनदेखि बढेको अत्यधिक चिसोका कारण वीरगञ्ज महानगरपालिकाको आग्रहमा सोमबारदेखि एक साताका लागि विद्यालय बन्द गरिएको छ । हुस्सु र शीतलहरका कारण बालबालिकालाई पठनपाठनमा समस्या भएकाले महानगरपालिकाले सोमबारदेखि माघ १ गतेसम्म महागरभित्रको सामुदायिक तथा संस्थागत विद्यालयमा बिदा दिन लागाएको हो ।

महानगरपालिकाको शिक्षा समितिको हिजो बसेको बैठकले पुस २३ गतेदेखि माघ १ गतेसम्म महानगरका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा बिदा दिने निर्णय गरिएको शिक्षा अधिकृत हरि राउतले जानकारी दिनुभयो । कतिपय संस्थागत विद्यालयमा परीक्षा सञ्चालन भइरहेकाले त्यस्ता विद्यालयलाई परीक्षा सकिएपछि बिदा दिने निर्णय भएको उहाँको भनाइ थियो ।

यसैबीच एक्कासि बढ्ेको शीतलहर र चिसोका कारण पर्साको जनजीवनमा असर पर्नाका साथै अस्पतालमा बिरामीको चाप बढेको छ । बाक्लो हुस्सु र चिसो हावाका कारण रुघाखोकी, ज्वरो, श्वासप्रश्वास र हाडजोर्नीका बिरामी अस्पतालमा बढेका छन् । वीरगञ्जस्थित नारायणी अस्पताल तथा ग्रामीण भेगका सरकारी स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप निक्कै बढेको जिल्ला स्वास्थ्य कार्यालयले जनायो । दूधे बालकदेखि ६० वर्षसम्मका बृद्धबृद्धा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियालगायतको प्रकोपबाट पीडित भएका छन् । चिसो बढेकाले सदरमुकाम र जिल्लाका अन्य बजार क्षेत्रमा चहलपहल र आवागमन पातलिएको छ भने सरकारी कार्यालयमा समेत सेवाग्राहीको चाप घटेको छ ।

चिसोले बिरामी भएका दैनिक करिब ३० देखि ३५ जनासम्म उपचारका लागि आउने गरेको नारायणी अस्पतालका सूचना अधिकारी उदयनारायण सिंहले जानकारी दिनुभयो । दैनिक बिरामीको सङ्ख्या बढ्दै गएपछि शय्याको अभावमा बिरामीलाई भुइँमै राखेर उपचार गर्नुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो ।

### शिक्षकको ...

अभियन्ता अमर लिम्बूले शिक्षा विधेयकमा मातृभाषा शिक्षकको व्यवस्था गर्न सुझाव दिनुभयो । मदरसा शिक्षाका प्रतिनिधि मोहम्द मिजामुद्दिनले मदरसामा मुस्लिम समुदायकै प्रधानाध्यापकको व्यवस्था हुने प्रावधान विधेयकमा गरिनुपर्नेमा जोड दिनुभयो । नेपाल बौद्ध महासङ्घका प्रतिनिधि कमल भण्डारीले परम्परागत शिक्षालाई व्यवस्थापन गर्न बेग्लै बोर्ड गठसक॥ नको व्यवस्था विधेयकमा राख्न सुझाव दिनुभयो ।

समितिले यसअघि स्थानीय तहका जनप्रतिनिधिका महासङ्घ, नेपाल शिक्षक महासङ्घ, निजी विद्यालय सञ्चालकका संस्था, अस्थायी शिक्षक र विद्यालय कर्मचारीलगायत क्षेत्रसँग छलफल गरिसकेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# पाँच ऐन खारेज, २८ संशोधन गर्न परिसङ्घको सुझाव

काठमाडौँ, २३ पुस (रासस) ।
उद्योगीहरूको छाता संस्था नेपाल उद्योग परिसङ्घले विभिन्न पाँचवटा ऐन खारेज, २८ कानुन संशोधन र तीन नयाँ कानुन ल्याउन सरकारलाई सुझाव दिएको छ । समग्र आर्थिक विकासका लागि गरिनुपर्ने कानुनी सुधारबारे सोमबार परिसङ्घले पत्रकार सम्मेलन गर्दै यस्तो सुझाव दिएको हो ।

परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले मुलुकको समग्र आर्थिक विकासका लागि अनुकूल कानुनी व्यवस्था पहिलो शर्त भएकाले अर्थतन्त्रसँग सम्बन्धित विद्यमान पुराना एवं असान्दर्भिक कानुनमा सुधार गर्न आवश्यक रहेको बताउनुभयो । मुलुकको औद्योगिक विकास र उन्नयनका लागि उत्पादनमूलक क्षेत्रको विकास तथा लगानीमैत्री वातावरणका लागि सहज कानुनी प्रावधान आवश्यक रहने उहाँको भनाइ थियो ।

विद्यमान कानुनमा सुधारको आवश्यकता महसुस गराउँदै सरकारलाई सुझाव दिने अध्यक्ष अग्रवालले बताउनुभयो । सरकारले आगामी वैशाखमा लगानी सम्मेलन आयोजना गर्ने तयारी गरिरहेको सन्दर्भमा अहिले नै कानुनी सुधारको प्रयास थालिए अन्तर्राष्ट्रिय लगानीकर्तामाझ पनि त्यसले सकारात्मक सन्देश जाने उहाँको भनाइ थियो ।

हाल कार्यान्वयनमा रहेका विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१, क्षतिपूर्ति ऐन, २०१९, कालोबजार तथा अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२, नेपाल एजेन्सी ऐन २०१४ र पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२ खारेज गर्नुपर्ने सुझाव परिसङ्घले दिएको छ ।

संशोधन गर्नुपर्ने कानुनमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन तथा नियमावली, सार्वजनिक-निजी साझेदारी लगानी ऐन तथा नियमावली, औद्योगिक व्यवसाय ऐन तथा नियमावली, मूल्य अभिवृद्धि कर ऐन तथा नियमावली, श्रम ऐन तथा नियमावली, वन ऐन तथा नियमावलीलगायतका रहेका परिसङ्घका अध्यक्ष अग्रवालले जानकारी दिनुभयो ।

विशेष आर्थिक क्षेत्र, राजस्व न्यायाधिकरण, राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण, आयकर, कम्पनी ऐन, भूमिसम्बन्धी, जग्गा प्राप्ति, सार्वजनिक खरिद, विद्युत् ऐन र संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन संशोधन गर्नुपर्ने परिसङ्घको भनाइ छ । त्यस्तै, खानी तथा खनिज पदार्थ ऐन र नियमावली, नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली २०७८ (तेस्रो संशोधनसहित), संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि, बोनस नियमावली, जग्गा हदबन्दी छुट दिनेसम्बन्धी आदेशलगायतका कानुन संशोधन गर्न परिसङ्घले आग्रह गरेको छ ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९, पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२ र भुक्तानी सुरक्षण ऐन नयाँ निर्माण गर्नुपर्ने परिसङ्घले सरकारलाई सुझाव दिएको छ ।

# राष्ट्रियसभा सदस्य निर्वाचनमा ५२ जनाको उम्मेदवारी

काठमाडौँ, २३ पुस (रासस) ।
आगामी माघ ११ गते हुन लागेको राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि सोमबार सातै प्रदेशका सम्बन्धित निर्वाचन कार्यालयमा विभिन्न समूहका लागि ५२ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

कूल १९ सिटका लागि हुने निर्वाचनमा सातै प्रदेशमा महिला समूहतर्फ १७, दलित समूहतर्फ छ, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायतर्फ आठ, र अन्य समूहतर्फ २१ गरी जम्मा ५२ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको निर्वाचन आयोगले जनाएको छ ।

सोमबार बिहान १० बजेदेखि अपराह्न ३ बजेसम्म सातवटै प्रदेशको निर्वाचन अधिकृतको कार्यालयमा शान्ति पूर्णरूपमा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले जानकारी दिनुभयो ।

आयोगका अनुसार कोशी प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट जम्मा पाँच, मधेस प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट पाँच उम्मेदवारको मनोनयन पत्र दर्ता भएको छ ।

बागमती प्रदेशमा महिला समूहका लागि चार राजनीतिक दलका तर्फबाट, दलित समूहका लागि तीन राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायका लागि चार राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि चार राजनीतिक दलका तर्फबाट जम्मा १५ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

गण्डकी प्रदेशमा महिला समूहका लागि तीन राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट आठ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

लुम्बिनी प्रदेशमा महिला समूहका लागि तीन राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि चार राजनीतिक दलका तर्फबाट सात उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ । कर्णाली प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट, दलित समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि दुई राजनीतिक दलका तर्फबाट छ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

सुदूरपश्चिम प्रदेशमा महिला समूहका लागि तीन राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदायका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि दुई राजनीतिक दलका तर्फबाट छ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार यही पुस २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने, पुस २५ र २६ गते मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी नामावली प्रकाशित गर्ने, पुस २७ गते उम्मेदवारले नाम फिर्ता लिने तथा अन्तिम नामावली प्रकाशन गर्ने र पुस २८ गते उम्मेदवारलाई निर्वाचन चिह्न वितरण हुने कार्यसूची छ ।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिवाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


## विश्व समाचार

# गाजा द्वन्द्व सन् २०२४ मा पनि जारी रहने इजरायली सेना प्रमुखको भनाइ

जेरूसेलम, २३ पुस (रासस सिन्ह्वा) ।
गाजामा तीन महिनादेखि जारी द्वन्द्व सन् २०२४ मा पनि जारी रहने तथा फैलिदै जाने सम्भावना रहेको इजरायलका सेना प्रमुख हर्जी हेलेवीले आइतबार बताउनुभएको छ । इजरायली सेना प्रमुख हेलेवीले सन् १९६७ देखि इजरायलले कब्जा गरेको प्यालेस्टिनी क्षेत्र वेस्ट बैंकको भ्रमणको क्रममा यस्तो टिप्पणी गर्नुभएको हो ।

उहाँका अनुसार, सन् २०२४ चुनौतीपूर्ण हुनेछ र इजरायल यो बर्षभरी सक्रियतापूर्वक गाजा लडाईंलाई जारी राख्नेछ । "प्यालेस्टिनी इस्लामिक समूह (हमास) सँगको पूर्ण द्वन्द्वको अवस्थामा केही सहज हुन सक्छ तर अन्त्य हुने सम्भावना रहेको छैन," उहाँले भन्नुभयो ।

विशेष गरी वेस्ट बैंकमा ७ अक्टोबर २०२३ मा एक्कासी आक्रमण भएपछि सुरु भएको हिंसा जारी रहने सम्भावना रहेको चेतावनी उहाँले दिनुभयो ।

शिया लडाकु समूह हेजबुल्लाह समूहसँग लेबनानसँगको देखिएको तनाव कम गर्न उत्तरी इजरायली सिमानामा सेनाले दबाब बढाउनेछ । उक्त क्षेत्रमा हेजबुलाह समूह र इजरायली सेनाबीच आक्रमण र प्रत्याक्रमण जारी रहेको छ ।

गाजास्थित प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयका अनुसार गाजा पट्टीमा जारी इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या बढेर २२ हजार आठ सय ३५ पुगेको छ । घाइतेहरूको सङ्ख्या ५८ हजार ४१६ पुगेको छ । हमासले अक्टोबर ७ मा इजरायलको दक्षिणी सीमा क्षेत्रमा गरेको आक्रमणमा इजरायलमा करिब एक हजार दुई सय व्यक्तिले ज्यान गुमाएका थिए ।

# हसिना पाँचौं पटक प्रधानमन्त्री बन्ने आधार निश्चित

ढाका, २३ पुस (रासस/एएफपी) ।
बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाको दलले संसद्मा तीन चौथाइ सिट जितेको निर्वाचन अधिकारीहरूले सोमबार बताएका छन् । निर्वाचन आयोगका सहसचिव मोनिरुज्जमान तालुकदरले भन्नुभयो, "अवामी लीगले आइतबार सम्पन्न निर्वाचन जितेको छ । प्रधानमन्त्री हसिनाको दल आवामी लीगले २२३ सीट जितेको छ । निर्वाचनमा ६१ स्वतन्त्र उम्मेदवार विजयी भएका छन् ।"

विजयी भएका सांसद्मध्ये अधिकांश अवामी लीगसँग आबद्ध व्यक्ति भएको केही स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । यो विजयपछि हसिना पाँचौं पटकका लागि पुनः देशको कार्यकारी बन्न पाउने निश्चित भएको छ ।

प्रधानमन्त्री शेख हसिनाको राजीनामा र कामचलाउ सरकारद्वारा निर्वाचन गर्न गरेको विपक्षी दलको मागलाई वेवास्ता गरेको र यस्तो अवस्थामा हुने निर्वाचन स्वतन्त्र तथा निष्पक्ष हुनेमा आशङ्का गर्दै पूर्वप्रधानमन्त्री खालिदा जिया नेतृत्वको प्रमुख विपक्षी दल बङ्गलादेश नेशनलिस्ट पार्टी (बीएनपी) सहितका केही दलले आइतबारको मतदान बहिस्कार गरेका थिए ।

मुख्य विपक्षी दल बीएनपीसहितका हसिनाको नेतृत्वप्रति असन्तुष्ट केही दलले निर्वाचन बहिष्कार गरेको र निर्वाचनमा रहेका अन्य विपक्षी दलको प्रभाव निकै कम रहेकोले हसिनाको पार्टी र साझेदारहरूले थप सीट पनि जित्ने अनुमान गरिएको छ ।

बीएनपीले निर्वाचनलाई 'स्वाङ' को सङ्ज्ञा दिएको छ । बीएनपीका नेता र समर्थकहरूको व्यापक गिरफ्तारीपछि आइतवार सम्पन्न निर्वाचनको परिणाम आएको छ । बङ्गलादेशको निर्वाचन आयोगले निर्वाचनमा झन्डै ४० प्रतिशत मत खसेको बताएको छ । यद्यपि आलोचकहरूले उक्त सङ्ख्या पनि बढाइचढाइ प्रस्तुत गरिएको हुन सक्ने आशङ्का व्यक्त गरेका छन् ।

सन् २०१८ मा सम्पन्न निर्वाचनमा ८० प्रतिशतभन्दा बढी मतदान भएको थियो । निर्वाचनको सम्पूर्ण परिणाम आइनसकेकोले निर्वाचन परिणामको औपचारिक घोषणा हुन बाँकी नै छ । शेख हसिना सन् १९९६ मा पहिलो पटक प्रधानमन्त्री बन्नुभएको थियो । त्यसपछि सन् २००९, २०१४ र २०१८ मा भएका निर्वाचनमा उहाँ प्रधानमन्त्रीका रूपमा क्रमशः दोस्रो, तेस्रो र चौँथो पटक निर्वाचित हुनुभएको थियो ।

# युक्रेनमा रूसी क्षेप्यास्त्र आक्रमण, देशव्यापी हवाई आक्रमणको चेतावनी

कीएभ (युक्रेन), २३ पुस (रासस/सिन्ह्वा) ।
रूसले युक्रेनविरुद्ध क्षेप्यास्त्र आक्रमण गर्दा सोमबार बिहान युक्रेनका दर्जनौं सहरमा विस्फोटको आवाज सुनिएको स्थानीय अधिकारी र सञ्चारमाध्यमले बताएका छन् ।

युक्रेनको मध्य भागमा रहेको डेनिप्रो र क्राइभी रिह, पूर्वी शहर खार्किभ र दक्षिणी शहर जापोरिजियामा विस्फोट भएको युक्रेनी समाचार निकाय इन्टरफ्याक्सले जनाएको छ । पश्चिमी खमेल्निट्स्की क्षेत्रमा हवाई प्रतिरक्षा पनि सक्रिय भएको क्षेत्रीय प्रशासनले टेलिग्राममा जनाएको छ ।

प्रारम्भिक विवरणअनुसार रूसले युक्रेनमा ११ टीयू-९५ बमवर्षक विमान र चार मिग-३१ लडाकू विमानमार्फत् आक्रमण गरेको थियो । युक्रेनका सैन्य अधिकारीलाई उद्धृत गर्दै सञ्चार माध्यमले स्थानीय समयअनुसार बिहान छ बजेदेखि युक्रेनको सम्पूर्ण भागमा हवाई आक्रमणको खतरा रहेको चेतावनी जारी गरिएको जनाएको छन् ।

# प्रहरीको गोली लागि मृत्यु भएका जयशंकरको अन्त्येष्टि

**दैनिक समाचारदाता**
**सर्लाही, २३ पुस ।**

सर्लाही जिल्लाको बरहथवामा प्रहरीको गोली लागि मृत्यु भएका जयशंकर साहको शव यात्रा पछि अन्त्येष्टि गरिएको छ ।

तीन दिन पछि साहको शव आइतवार परिवारले जिम्मा लिएपछि सोमवार अन्त्येष्टि गरिएको हो । दाहसंस्कार अघि शव यात्रा निकालिएको छ । शव यात्रा नगर परिक्रमा पछि बागमती नदीको खर्सलबा घाटमा अन्त्येष्टि गरिएको छ ।

साहको पार्थिव शरीरमा मधेस प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री बीरेन्द्रप्रसाद सिंह, बिभिन्न राजनीतिक दलका नेता कार्यकर्ता, स्थानीय नागरिक तथा आफन्तले माल्यार्पण गरि अन्तिममा श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

बरहथवा अस्पतालको विषयमा भएको आन्दोलनको क्रममा साहको गत शुक्रवार प्रहरीको गोली लागि मृत्यु भएको थियो ।

बिजुलीको बिल तिरेर फर्कदै गर्दा साहको मृत्यु भएपछि स्थानीय र आफन्तले तीन दिनसम्म शव सडकमै राखेर आन्दोलन गरिरहेका थिए । आइतवार ११ बुँदे सहमति भएपछि साहको शव पोष्टमार्टम् पछि परिवारले जिम्मा लिएका थिए ।

गोली लागेर मृत्यु भएका साहप्रति श्रद्धाञ्जली व्यक्त गर्न बरहथवा नगरपालिकाले सोमवार सार्बजनिक बिदा दिएको छ ।

बरहथवा नगरपालिकाकी प्रमुख कल्पना कुमारी कटुवालद्वारा जारी सार्वजनिक सूचनामा नगरपालिका कार्यालय, वडा कार्यालयहरु, शैक्षिक लगायत नगरपालिका अन्तर्गतका सम्पूर्ण सरकारी एवम् गैरसरकारी संघ संस्थामा सार्बजनिक बिदा दिईएको उल्लेख छ ।

सूचनामा शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना सहित मृतक साहको चिरशान्तीको कामना गरिएको छ ।

# भारतबाट फर्किएकामा कोरोना सङ्क्रमण

कञ्चनपुर, २३ पुस (रासस) ।

भारतका बिभिन्न सहरबाट घर फर्किएका नेपालीमा कोरोना सङ्क्रमण देखिन थालेको छ । भारतमा नयाँ भेरिएन्ट जेएन वान देखिन थालेपछि नेपाल-भारत सीमा नाकामा कोरोना परीक्षण अनीवार्य गरिएको छ ।

स्वास्थ्य कार्यालय कञ्चनपुरका औलो निरीक्षक सिद्धराज भट्टले भारतबाट फर्किनेमा कोरोना सङ्क्रमण देखा परिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नाकामा राखिएका हेल्थ डेस्कमा भारतबाट फर्किनेमा कोरोना परीक्षण गरिरहेका छौं ।" उहाँका अनुसार गड्डाचौकी नाकामा भइरहेको परीक्षणमा अहिलेसम्म कसैमा सङ्क्रमण पुष्टि भएको छैन । गौरीफन्टा नाका भएर भारतबाट फर्किनेमा कोरोना सङ्क्रमण देखा परेको छ ।

हालसम्म भारतबाट फर्किएका १० जनामा कोरोना सङ्क्रमण देखिएको गौरीफन्टा नाकामा रहेको हेल्थ डेस्कका प्रमुख गणेश साउदले राससलाई जानकारी दिनुभयो । "भारतबाट आउनेहरुमा कोरोना सङ्क्रमण छ/छैन जाँच्न एन्टिजेन परीक्षण गरिरहेका छौं", उहाँले भन्नुभयो, "अहिलेसम्म १० जनामा एन्टिजेन पोजेटिभ देखिएको छ ।"

हेल्थ डेस्कका प्रमुख साउदका अनुसार कोरोना सङ्क्रमण देखिनेमा अधिकांश भारतको बैङ्लोर, चेन्नइ, दिल्ली, हैदरावादलगायत शहरबाट नेपाल फर्किनेहरु छन् । कोरोना सङ्क्रमितलाई घरमै एकान्तबास (होम आइसोलेसन)मा बस्न सुझाव दिइएको उहाँले बताउनुभयो ।

गौरीफन्टा नाका भएर भारतका बिभिन्न स्थानबाट दैनिक तीन सयको हाराहारीमा मानिस घर फर्किरहेका छन् । कोरोनाको 'भेरिएन्ट' यकिनका लागि नमूना सङ्कलन गरेर काठमाडौं पठाइएको साउदले बताउनुभयो । "भेरिएन्ट एकिन गर्न नौ जनाको नमूना काठमाडौं पठाएका छौं", उहाँले भन्नुभयो, "दुई साता भइसक्यो, आजसम्म त्यसको 'रिपोर्ट' आएको छैन ।"

## *बालबालिका ...*

विभिन्न विद्यालयका पिछिडीएका समुदायको ६ देखी १३ वर्ष सम्मका बालबालिकाको सहभागिता रहेको छ । उक्त प्रशिक्षण कार्यक्रममा ४० जना बालक र ४० जना बालिका गरी कुल ८० जनाको सहभागिता रहेको जिल्ला फुटवल संघ सप्तरीका अध्यक्ष राजकुमार परियारले जानकारी दिए ।

एन्फा फुटवल क्लिनिक चिल्ड्रेन नाम दिइएको उक्त परियोजना एएफसि ड्रिम एशिया फाउन्डेशन र अखिल नेपाल फुटवल संघ (एन्फा) को सहयोग तथा जिल्ला फुटलवल संघको समन्वयमा संचालनमा ल्याइएको एन्फाको ग्रासरुट विभाग प्रमुख पंकज बहादुर शाहीले बताए ।

सामाजिक उत्तरदायीत्व अन्तर्गत सप्तरीमा पहिलो पल्ट यस्तो कार्यक्रम हुन लागेको परियोजनका लागी प्राविधीक सहयोग उपलब्ध गराएको एन्फाले खेलकुद समाग्री तथा शैक्षिक समाग्री समेत उपलब्ध गराएको उनले जानकारी दिए ।

उक्त कार्यक्रममा सहभागी बाल खेलाडीहरुलाई संघका प्रशिक्षक सिताराम चौधरी, संतोष चौधरी, उज्जल सिंह सेवा र अजय श्रेष्ठले प्रशिक्षण दिइरहेका छन् ।

सूचना ! सूचना !! सूचना !!!

# कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

यही मिति २०८० पौष २४ गते देखि २६ गते सम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज मा टिचिङ हस्पिटल महाराजगञ्ज, काठमाण्डौका नाक, कान, घाँटी विभागका विशेषज्ञ डाक्टर तथा भुतपूर्व प्रमुखहरुद्वारा कानको शल्यक्रिया (Operation) शिविर हुने भएको ब्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराउन चाहन्छौ । तसर्थ कानका रोगीहरुले समयमा नै आफ्नो कानको जाँच गराई मौकाको फाईदा उठाउनु हुन अनुरोध छ ।





**शल्यक्रिया हुने स्थान : प्राथमिक कान उपचार केन्द्र राजविराज-९, मलेठ, सप्तरी**

दर्ताको लागि सम्पर्क स्थान :
प्राथमिक कान उपचार केन्द्र, राजविराज-९, मलेठ, सप्तरी
मिति : २०८०/०९/२४, २५ र २६ गते (ता. 9, 10 र 11, Jan. 2024)
सम्पर्क नम्बर: 031-590005, 9804742280, 9742270784
प्राथमिक कान उपचार केन्द्र, माईघाट, उदयापुर
सम्पर्क नम्बर : 035-423652, 9811732021, 9842840054

IMPACT Nepal
Committed to the Prevention of Disability
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज-९ मलेठ, सप्तरी

# शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालवालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले विवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुँदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*